आज मिति २०८०।१।१४ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तु का प्रमुख जिल्ला अधिकारी श्री श्रीकाहरि आचार्यज्यूको अध्यक्षतामा राजमार्ग (सडक)मा हुने अवरोध हटाउने सम्बन्धि कारबाहीको - कार्यविधि, २०६८ को दफा ६ बमोजिमको जिल्ला स्तरीय समन्वय समितिको बैठक बस्यो। जसमा उपस्थिति र निर्णय यस प्रकार रहेको छ।

उपस्थिति

१) विशेष उपस्थिति, नगर प्रमुख श्री प्रदीप पाटेल क.बा.न.पा.

| क्र.सं. | नामथर | पद | कार्यालय / संस्था | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १) | श्री श्रीकाहरि आचार्य | प्र.जि.अ. | जिल्ला प्रशासन का. | ९८५७०८६६६६ | [signature] |
| २) | श्री प्रेम बहादुर बस्नेत | प्र.ऊ. | जि. प्रहरी कार्यालय | ९८५७०५८५५६ | [signature] |
| ३) | श्री प्रकाश पौडेल | स.प्र.नी.उ | नं: ३८ गुल्म कपिलवस्तु | ९८४६००३८१० | [signature] |
| ४. | योगेन्द्र तिमल्सीना | प्र.प्र. | जि.स.स.का. क.व. | ९८४७१२८२३३१ | [signature] |
| ५). | रेमलाल न्यौपाने | का.प्र. | यातायात कार्यालय | ९८५७०४३८७८ | [signature] |
| ६ | गणेश प्रसाद अर्याल | प्र.प्र.अ. | क.बा.न.पा. | ) | [signature] |
| ७ | सुदिप पौडेल | न.प्रमुख | क.बा.न.पा. | | [signature] |
| ८. | राजेश कुमार शैनी | शि.अ. | कपिलवस्तु न.पा. | ९८५७०४५२०२ | [signature] |
| ९. | रनधीर थापा | सेनानी | शमशेर दल गण | ९८४३८४८६१ | [signature] |
| १० | राजु सिंह | संयोजक | प्राविन कपिलवस्तु यातायात प्रा | ९८५७२१९८३५५ | [signature] |
| ११. | पार्वती आचार्य | संवाददाता | मेचिकाली राष्ट्रिय दैनिक | ९८५७०४०४८३ | [signature] |
| १२. | सशील पौडेल | इन्जिनियर | हुलाकी राजमार्ग योजना | ९८४१२८०६५० | [signature] |
| १३ | किरण मान बज्राचार्य | अध्यक्ष | पत्रकार महासंघ, कव | ९८५७०६१११ | [signature] |
| १४ | विकास पौडेल | [illegible] | सडक डिभिजन शिवपुर | ९८६६६४८०८७ | [signature] |

**मिति २०८०।०१।१४ गते राजमार्गमा हुने अवरोध हटाउने जिल्ला समन्वय समिति कपिलवस्तुको बैठकको निर्णयहरु :**

१. यस अघि बसेका बैठकका निर्णयहरुको समिक्षा गरियो।
२. जनचेतनामुलक कार्यक्रम, ट्राफिक संकेतहरुको विश्लेषण एवं Marking, पटके सवारी करको विषयमा प्रगति प्रतिवेदनमा आवश्यक छलफल गरियो।
३. यातायात व्यवस्था सेवा कार्यालय हाल तौलिहवामा रहेको कारण कृष्णनगर क्षेत्रमा भारतीय सवारी साधनलाई अस्थायी रूट परमिट लिन असहज भएको हुँदा कृष्णनगर भन्सारवाट प्रवेश गर्ने सवारीलाइ सहज सेवा प्रदान गर्न अस्थायी यूनिट सँचालनका लागि आवश्यक व्यवस्था मिलाउन यातायात व्यवस्था सेवा कार्यालय,तौलिहवालाइ लेखि पठाउने।
४. अटोरिक्सा र सडक किनाराका फूटपाथको प्रभावकारी व्यवस्थापन नहुँदा सडक दुर्घटनाको जोखिम रही आएको हुँदा सम्बन्धित पालिकाहरुले विशेष ध्यान पुर्याउनुपर्ने।
५. सडकमा रहेका खाल्डा खुल्डीका कारण सडक दुर्घटनाको जोखिम बढ्दै गएको हुँदा सम्बन्धित पक्षले तत्काल पुर्ने गरी व्यवस्था मिलाउने।
६. सुख्खा मौसममा हावा, हुरीको उच्च जोखिम रहने हुँदा सो समयमा सडक किनाराका रुख ढलेर सडक अवरुद्ध हुने सम्भावना भएकोले यस सम्बन्धमा सुरक्षा निकाय, सडक डिभिजन कार्यालय र जिल्ला वन कार्यालयले विशेष ध्यान दिने।
७. महेन्द्र राजमार्ग, हुलाकी राजमार्ग र कपिलवस्तु जिल्लाका अन्य सडकहरुमा हुने सडक दुर्घटना न्यूनिकरणका लागि यस अघि नै जिम्मेवारी तोकिएका निकाय, स्थानीय तह र सम्बन्धित संस्था एवं व्यक्तिहरुले प्रभावकारी कार्यान्वयन गर्ने गराउने।
८. सडक दुर्घटना तथा सडक अवरोध भएको अवस्थामा सबै सरोकारवाला निकाय बिच आवश्यक समन्वय तथा सूचना आदान प्रदान गरी तत्काल परिचालित हुने गरी व्यवस्था मिलाउने।